अध्यक्ष
अमृता

# श्री पुर्णिमा महिला सामुदायिक बन उपभोक्ता समूह
## डुडुवा गा.पा-०५ , बाँके
## बोलपत्र द्वारा लिलाम बिक्रीको सूचना
## पहिलो पटक सूचना प्रकाशित मितिः- २०८२/१२/२१

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१८० मितिः२०८१/१२/२१ गतेको काठ दाउरा संकलन सहमति बाट यस समूहले छपान भएका रुखहरुलाई कटान मूछान भई उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भई बाकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ३३१५ मितिः२०८२/१२/१६ गतेको बाह्य लिलाम सहमति बमोजिम घाटगद्दीमा रहेका तपसील बमोजिम का वन पैदावारलाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकासित गरिएको छ । इच्छुक वन पैदावरको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका स:मिल वा कम्पनीले यो पहिलो पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरीद गरी २२ दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

### तपसील

| लट न | जात | ग्रेड | थान | परिमाण घ.फि. | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खयर | | ५३० | ७१०.०३ | १००० | ७१००३० | १११२२० | |
| | वृक्षारोपण सिसौ | B | १८ | ५२.८३ | ५०० | २६४१५ | | |
| | सिरीष | A | ३ | ३७.९५ | ३०० | ११३८५ | | |
| | | B | ४ | २१.५१ | २०० | ४३०२ | | |
| | सिरिस जम्मा | | ७. | ५९.४६ | | १५६८७ | | |
| | कर्मा | A | २ | १९.२७ | ४०० | ७७०८ | | |
| | | B | ३ | १३.९५ | ३०० | ४१८५ | | |
| | कर्मा जम्मा | | ५ | ३३.२२ | | ११८९३ | | |
| | कुल जम्मा | | ५६०.०० | ८५५.५४ | | ७६४०२५ | | |

- बोलपत्र खरीद गर्नुपर्ने अन्तिम मिति र समयः २०८३/०१/११ कार्यालय समय सम्म ।
- बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०१/१२ दिउसो ३:०० बजे सम्म ।
- बोलपत्र तथा कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको सांग्रिला डेबलोपमेन्ट बैंक, नेपालगंज शाखामा रहेको हिसाब नं ०२३००८००१०७४२७००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समावेस गरेको हुनु पर्नेछ ।
- बोलपत्र फारमको रु १०००/-(पछि फिर्ता नहुने ) तिरी यस समूह वा डिभिजन वन कार्यालय बाँकेबाट समुहको खाता मा बोलपत्र खरीद वापतको रकम जम्मा गरी डिभिजन वन कार्यालय बाँकेमा सक्कल भौचर पेश गरी खरीद तथा दाखिला गर्न सकिनेछ ।
- लिलाम हुने वन पैदावर कार्यलय खुलेको समयमा यस सा.व.उ.स को घाटगद्दीमा गई हेर्न सकिनेछ ।
- लिलाममा भाग लाइन डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठदाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित नेपाली नागरिताको प्रमाण-पत्र, कर दर्ता/ चुक्ताको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्दी कर दर्ताको प्रतिलिपि वा स्थायी लेखा नं(पि.पि.एन) दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपि साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
- निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०१/............ गते दिउसो २:०० बजे समूहले समूह, कार्यालयमा बोलपत्र दाखिला गर्ने फार्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिन्छ ।
- बोलपत्र खरीद, दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।
- लिलाम बिक्री सदर भएको जानकारी प्रास भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भीत्र सकार रकम, मूल्य अविबृद्दि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावर तोकिएको अवधी भत्र उठाई लैजानु पर्ने छ ।
- बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ ।
- अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

# सम्पूर्ण सौभाग्य कपको क्वाटर फाइनलमा

बुटवल, चैत २० (मेसस) । सहिद प्रचण्ड थैव स्मृति दोस्रो सौभाग्य गोल्डकप २०८२ मा सम्पूर्ण युवा क्लब विजयी हुदै क्वाटर फाइनलमा प्रवेश गरेको छ । निक्कै रोमान्चक खेलमा सम्पूर्णले पेनाल्टी सुटआउटमा ३-० गोल फोर ब्रदर्श एफसीलाई पराजित गर्दै क्वाटर फाइनलमा प्रवेश गरेको हो । रुपन्देहीमा नै सर्वाधिक राशिफलको क्लबद्वारा सञ्चालन गरिएको गोल्डकप भएको आयोजकको दाबी छ । सिद्धेश्वर खेलमैदानमा भएको खेलको निर्धारित समय गोलरहित बराबारी भएपनि खेल पेनाल्टी सुट आउटमा धकेलिएको थियो ।

पेनाल्टी सुट आउटमा सम्पूर्ण एफसीका बिशाल तामा, सुमित मल्ल र मनिष चौधरीले गोल गरे । यता फोर ब्रदर्शका रञ्जित चौधरी र सलिल ढकालको प्रहार बाहिरिएको थियो भने आशिष थापाको प्रहार सम्पूर्णका गोलकिपर बिशाल सुनारले रोकिदिए । उनी खेलमा प्लयेर अफ दी म्याचबाट पुरस्कृत भए । प्रतियोगिताको प्लेयर अफ दी म्याच सम्पूर्ण एफसीका गोलकिपर विशाल सुनारलाई नेपाल पत्रकार महासंघ रुपन्देही शाखाका अध्यक्ष दिनेश पाण्डेले पुरस्कार वितरण गरेका छन् । शनिबार फर्साटिकर एफसी र मोनष्टर गाइज सुनवलका बिचमा खेल हुने क्लबका अध्यक्ष सुजु मल्लले बताए । मैदानलाई आकर्षक सजावटसँगै मैदानको पश्चिम, पूर्व र दक्षिणतर्फ करिब २ हजार क्षमताको अस्थायी प्यारापिटसमेत निमार्ण गरिएको छ । प्रतियोगितामा प्रथम हुने टोलीले ५ लाख ५ हजार रुपैयाँ र उपविजेताले २ लाख ५५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । यस्तै, विभिन्न विधामा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई नगद पुरस्कारको व्यवस्था गरिएको क्लबका सचिव प्रकाश क्षेत्रीले बताए । प्रतियोगितामा रुपन्देहीसहित चितवन, नवलपरासी, कपिलवस्तुका गरी १२ क्लबहरुले भाग लिएका छन् । गतवर्ष झरना स्पोर्टिङ क्लब विजेता रहेको थियो ।

# पक्लिहवा माविले मनायो स्थापना दिवस

भैरहवा, चैत २० (मेसस) । पक्लिहवा माध्यमिक विद्यालयले ६७ औँ स्थापना दिवस तथा अभिभावक भेला सम्पन्न गरेको छ । कार्यक्रम विद्यालयका अध्यक्ष सुशील गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो भने उज्ज्वल पोखरेलको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापकले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको शैक्षिक प्रगति, उपलब्धि तथा आगामी योजनाबारे जानकारी गराएका थिए । त्यसैगरी विद्यार्थीहरूले आकर्षक सांस्कृतिक प्रस्तुति दिएका थिए भने विद्यालयमा रहेको तेक्वान्दो समूहले आफ्नो कला प्रदर्शन गरी उपस्थित दर्शकको मन जित्न सफल भएका थिए ।

सोही अवसरमा विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो । तेक्वान्दो प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरूलाई मेडल तथा प्रमाणपत्र वितरण गरिनुका साथै स्तर उन्नति (बेल्ट प्रमोशन) हासिल गरेका विद्यार्थीहरूलाई नयाँ बेल्टसमेत प्रदान गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि उज्ज्वल पोखरेलले वडा समिति सधैं विद्यालयसँग सहकार्य गर्दै आएको र आगामी दिनमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । उनले विद्यालयले शैक्षिक गतिविधिसँगै अतिरिक्त क्रियाकलापमा पनि उल्लेखनीय प्रगति गरेको उल्लेख गरे ।

त्यसैगरी विद्यालयका अध्यक्ष सुशील गुरुङले विद्यालयको समग्र विकासका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा स्थानीय समुदायबीच सहकार्य आवश्यक रहेको बताए ।

उनले सबै पक्ष एकजुट भएर लागेमा मात्र विद्यालयलाई थप उचाइमा पुऱ्याउन सकिने धारणा राखेका थिए । कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, भूतपूर्व विद्यार्थीहरू, पूर्व शिक्षकहरू तथा अभिभावकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# गुरुकुल आश्रमलाई कम्प्युटर प्रदान



बुटवल, चैत २० (मेसस) । रोटरी क्लब अफ तिलोत्तमा रुपन्देहीले बुटवलको सन्तोषी माता गुरुकुल आश्रमलाई कम्प्युटर प्रदान गरेको छ । क्लबको १५ औं स्थापना दिवसको अवसरमा बिहीबार आयोजना गरिएको चार्टर नाइट कार्यक्रममा उक्त गुरुकुल आश्रमलाई एक थान कम्प्युटर प्रदान गरिएको हो ।

क्लब स्थापना भएको १४ वर्ष पूरा भई १५ वर्षमा प्रवेश गरेको अवसरमा क्लबका संस्थापकहरुलाई समेत सम्मान गरपएको छ । कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष डोलराज गैरेसहित संस्थापकहरु बालकृष्ण अर्याल, नविन श्रेष्ठ, कृष्णप्रसाद शर्मा, निरन्जन पोखरेल र गोपाल घिमिरेलाई भादगाउँले टोपीले सम्मान गरिएको हो । रोटरी क्लब अफ तिलोत्तमा रुपन्देही काठमाडौँको रोटरी क्लव अफ मञ्जुश्री जावलाखेलको स्पोन्सरमा सन् २०१२ मा २५ जना सदस्यसहित स्थापना गरिएको थियो । क्लवमा हाल ५० बढी सदस्य रहेको क्लवका अध्यक्ष दीपक भट्टराईले जानकारी दिए ।

उनका अनुसार क्लब स्थापनापछि सिग्नेचर प्रोजेक्टअन्तर्गत आन्तरिक स्रोत नभएका ग्रमिण सामुदायिक विद्यालयमा रङरोगन गर्दै आएको छ भने अन्य सामाजिक सेवाका कार्यक्रम गर्दै आएको छ । यो वर्ष सिग्नेचर प्रोजेक्टअन्तर्गत बुटवलको सन्तोषी माता गुरुकुल आश्रममा रङरोगन गरिएको छ । होलीमा गरिने कार्यक्रमअन्तर्गत विद्यालय रङरोगन गरिएपनि औपचारिक कार्यक्रम गरेर हस्तान्तरण गर्न बाँकी छ । यो वर्ष प्रतिनिधि सभा निर्वाचनका कारण बिद्यालय रंगरोगन गरिएपनि हस्तान्तरणमा केही ढिलाई भएको अध्यक्ष भट्टराईले बताए ।

कार्यक्रममा बोल्दै क्लबकी एसाइन एजी कमला हमालले क्लब स्थापनाको १४ वर्षको अन्तरालमा डिष्ट्रिकमा बलियो क्लवको रुपमा स्थापित भएको बताइन् । उनले सिग्नेचर प्रोजेक्टअन्तर्गत सामुदायिक विद्यालयमा रङरोगन गर्ने कार्यक्रम क्लब पहिचान बनेको समेत उल्लेख गरिन् । एजी जितेन्द्र शर्माले एसाइन एजी हमालको अनुपस्थितिमा क्लबलाई राम्रोसँग बुझ्ने अवसर पाएको बताउँदै यो क्लवका कार्यक्रम अरु क्लवका लागि पनि उदारणीय रहेको बताए ।

सन्तोषी माता गुरुकुल आश्रमका सचिव डण्डपाणी पाण्डेले क्लवले आश्रमलाई पटक-पटक सहयोग गरेर धेरै ठूलो गुन लगाएको बताए । उनले आश्रममा रङरोगन गरेर क्लबको अमिट छाप छोडेको उल्लेख गरे ।

त्यसअवसरमा क्लबका संस्थापक अध्यक्ष डोलराज गैरे, पूर्व अध्यक्ष गोपाल ज्ञवाली, निवर्तमान अध्यक्ष देवीराम पाण्डे, इलेक्ट प्रेसिडेन्ट देवीलाल भट्टराई, उपाध्यक्ष अर्जुन आचार्य लगायतले क्लवका विगतदेखि वर्तमानसम्मको बारेमा जानकारी गराएका थिए ।

# महासंघको निर्वाचनका लागि उवासंघमा प्रतिनिधि चयन

बुटवल, चैत २० (मेसस) । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले नेपाल उद्योग वाणिज्य महासंघको साधारण सभा तथा निर्वाचनका लागि संघका अध्यक्ष हरिप्रसाद अर्याललाई मुख्य प्रतिनिधिमा चयन गरेको छ । संघको शुक्रबार बसेको कार्यसमिति बैठकले चैत २९ र ३० गते हुने नेपाल उद्योग वाणिज्य महासंघको ६० औँ साधारण सभा तथा निर्वाचनका लागि कार्यकारिणी सदस्यका उम्मेदवारसमेत रहेका अध्यक्ष अर्याललाई मुख्य प्रतिनिधि तथा निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजू र वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेलाई अतिरिक्त प्रतिनिधि चयन गरेको हो ।

संघका अध्यक्ष अर्यालको अध्यक्षतामा बसेको बैठकले विगतका प्रावधानहरुलाई समेत आधार बनाएर मुख्य प्रतिनिधि र अतिरिक्त प्रतिनिधि चयन गरिएको महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए । बुटवल उद्योग वाणिज्य संघले अध्यक्ष अर्याललाई महासंघको निर्वाचनमा खुला तर्फबाट कार्यकारिणी सदस्यको रुपमा अगाडि सारेको छ । नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचनमा कार्यकारिणी सदवदस्य उम्मेदवारसमेत रहेका अध्यक्ष अर्यालले महासंघको निर्वाचनका सन्दर्भमा अहिलेसम्म भएका गतिविधि र चुनावी रणनीति सहित सम्भावित परिदृश्यका बारेमा बैठकमा जानकारी गराएका थिए ।

बैठकले संघमा 'व्यवसाय संवर्द्धन कार्यक्रम' सञ्चालन गर्ने निर्णय गरेको छ । विगतमा विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गर्दै आएको संघले सोही मोडलमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सहयोगमा उक्त कार्यक्रम सञ्चालन गर्ने निर्णय लिएको हो । त्यस्तै रुपन्देहीका देवदह नगरपालिका, सैनामैना नगरपालिका र कञ्चन गाउँपालिकामा बन उद्यम कार्यक्रम सञ्चालनका लागि प्रकृया अगाडि बढाउने निर्णय गरिएको छ ।

वन उद्यम कार्यक्रम सञ्चालनका लागि डिजिएम नेपालबाट प्रस्ताव माग भए बमोजिम रुपन्देहीका तीन वटा पालिकाका विभिन्न सामुदायिक वन समितिको सहयोगमा प्रथम चरणको प्रस्ताव स्वीकृति भएको छ । विस्तृत परियोजना प्रस्तावको स्वीकृतिपश्चात सामुदायिक वन उपभोक्ता समिति र अन्य संघसंस्थाहरुको समन्वयमा कार्यक्रम अगाडि बढाइने संघका कार्यकारी निर्देशक मदनकुमार कार्कीले जानकारी दिए ।

**सम्मान तथा बधाई**

बुटवल उद्योग वाणिज्य संघ, रुपन्देहीले नाडा अटोमोबाइल एशोसियसन अफ नेपालको उपाध्यक्षमा निर्वाचित संघका कार्यसमिति सदस्य गणेश भट्टराईलाई सम्मान गरेको छ । संघको शुक्रबार बसेको कार्यसमिति बैठकमा नाडा उपाध्यक्षमा निर्वाचित भट्टराईलाई अध्यक्ष हरिप्रसाद अर्यालले बधाई र सफल कार्यकालको शुभकामना सहित खादा ओढाएर सम्मान गरेका हुन् । संघका कार्यसमिति सदस्य भट्टराई हालै सम्पन्न नाडा अटोमोवाईल एशोसियसन अफ नेपालको अधिवेशनबाट संस्थागत तर्फको उपाध्यक्ष पदमा निर्वाचित भएका थिए ।

त्यस्तै संघकी पूर्वकार्यसमिति सदस्य मञ्जु भुसाल तथा संघका साधारण सदस्य कालिका होमियो प्याथिकका सञ्चालक माधव थापा प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएकोमा बधाइज्ञापन गर्ने निर्णय गरेको छ । संघकी पूर्व कार्यसमिति सदस्य भुसाल समानुपातिक तर्फबाट र थापा पाल्पाको क्षेत्र नं. २ बाट प्रत्यक्ष निर्वाचत भएका हुन् । त्यस्तै संघको कार्यालय रहेको रुपन्देहीको क्षेत्र नं. २ बाट प्रतिनिधी सभा सदस्यमा निर्वाचित शुलभ खरेल तथा यस क्षेत्रबाट समानुपातिकमा निर्वाचित प्रतिनिधि सभा सदस्य अमृता विकसहितलाई बधाई ज्ञापन गर्दै रचनात्मक कदमको अपेक्षा गरिएको छ ।

## भूमिसुधार तथा मालपोत कार्यालय, नवलपरासी (ब.सु.प.) बाट जारी भएको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

जिल्ला नवलपरासी साविक गुठीसुर्यपुरा गा.वि.स. वडा नं. ०९ हाल प्रतापपुर गा.पा. वडा नं. ०७ बस्ने दलसिंगार यादवको नाती छितनी यादवको छोरा रामसमुझ यादवको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक गुठीसुर्यपुरा गा.वि.स.वडा नं.९ कि.नं. ५८७ ज.वि.०–४–११.७५ जग्गामा मोही मत्सराज (३ नं. वडा) उल्लेख भएकोमा प्रतापपुर गा.पा.वडा नं ०७ को च.नं. ५६१ मिति २०८२।०९।२० को सिफारीस पत्र एवं वडा मुचुल्का समेतबाट मोहीको हकवाला कोहीपनि नभएकोले मोही लगत कट्टा गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिई तारेखमा बसेकोमा यस कार्यालयबाट मत्सराज (३ नं. वडा) को नाउँमा १५ दिने म्याद तामेली भई प्रतापपुर गा.पा. वडा नं ०७ वडा कार्यालयमा सार्वजनिक सूचना टाँस गरेतापनि कुनै किसिमको प्रतिवाद नगरेकोले हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरीएको छ सूचना प्रकाशित गरेको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानून बमोजिम वारेस गरि पठाउनु होला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का LBF

सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी
नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

# व्यापार संघमा डिजिटल मार्केटिङ तालिम




बुटवल, चैत २० (मेसस) । रूपन्देही व्यापार संघद्वारा सूचना प्रविधि वस्तुगत उपसमितिको समन्वयमा शुक्रवार डिजिटल मार्केटिङ तालिम सम्पन्न भएको छ । संघको सचिवालयमा सम्पन्न तालिमको रुपन्देही व्यापार संघका पूर्वअध्यक्ष मोतिलाल पाण्डेले एक कार्यक्रमका बिच उद्घाटन गरेका थिए । तालिमको उद्घाटन गर्दै उनले बदलिदो समयमा प्रविधिप्रति अभ्यस्त हुँदै अघि बढ्दा लाभ लिन सकिने बताए । व्यवसायीलाई प्रविधिको प्रयोग गरेर फाइदा पुऱ्याउन संघले तालिम आयोजना गर्नु प्रशंनीय भएको उनले बताए ।

रूपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले व्यवसायीको व्यवसायिक उन्नतिको लागि विभिन्न क्षमता विकास तालिम आयोजना गरिएको जानकारी गराउँदै समय अनुकुल व्यवसाय प्रवर्द्धन गर्न आवश्यक भएको बताए । महासचिव प्रकाश पौडेलको सञ्चालनमा भएको कार्यक्रममा स्वागत वस्तुगत समितिको संयोजक बासुदेव शर्मा र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीले गरेका थिए । तालिममा संघको कार्यसमितिको सहभागिता रहेको थियो । कार्यक्रममा ई.संजोक ज्ञवाली र सिविका नेपालले सहजीकरण गरेका थिए ।

## नेपाल नेत्र ज्योति संघ
## लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर
## श्री रण अम्बिका शाह आँखा अस्पताल
## बुटवल लायन्स आँखा अस्पताल, रुपन्देही

(परिक्षा समिति)

### नतिजा प्रकाशन सम्बन्धी सूचना

यस अस्पतालद्धारा मिति २०८२/०९/३० गते प्रकाशित सूचना अनुसार रिक्त पदहरुमा करारद्धारा पदपुर्ति गर्न मिति २०८२/१२/२० मा सम्पन्न अन्तर्वार्ताबाट निम्न पदहरुमा देहाय अनुसार सफल उम्मेदवारहरुको नामावली सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ । सफल उम्मेदवारहरुले आफ्नो निरोगिताको प्रमाणपत्र सहित नतिजा प्रकाशित मितिले ७ (सात) दिनभित्र नियुक्ति पत्र लिन लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टरको प्रशासन शाखामा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**पद : नेत्र सहायक (रा.प.अन प्रथम,प्रा) तहः ८**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ८ | OAS8 | अर्चना अधिकारी |

वैकल्पिक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ३ | OAS3 | मुस्कान कुमारी बनिया |
| २ | ७ | OAS7 | रामलक्ष्न अग्रहरी |

**पद : स्टोर किपर (रा.प.अन प्रथम,प्र) तहः ८**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | २ | SK2 | सुमन कठरीया थारु |

वैकल्पिक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ६ | SK6 | ईश्वर न्यौपाने |
| २ | १ | SK1 | अंकित दुवे |

**पद : प्रशासकिय सहायक (रा.प.अनं प्रथम,प्र) तहः ८**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | १ | AA1 | रविन्द्र जि.सी |

वैकल्पिक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ५ | AA5 | मनिषा फुल्लेल |
| २ | ४ | AA4 | रुपा कंडेल |

**पद : ओ.टि एण्ड माईनर ओ.टि असिष्टन्ट(रा.प.अनं तृतिय,प्रा) तहः ४**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | ३ | OTA3 | कमला सारु |

**पद : अप्टिकल ग्राईन्डर (श्रेणी विहिन,प्र) तहः १**

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | १ | OG1 | उमेश थारु |

**पद : कार्यालय सहयोगी (श्रेणी विहिन,प्र) तहः १**

| क्र.सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | २ | OH2 | उमेश श्रेष्ठ |

वैकल्पिक उम्मेदवार

| क्र. सं. | दर्ता नं. | रोल नं | नाम |
|---|---|---|---|
| १ | १ | OH1 | शुभलक्ष्मी धवल |
| २ | ३ | OH3 | बृन्दा भण्डारी |

संयोजक
परिक्षा समिति

# देव वृक्ष उत्पादन गर्दै डिभिजन वन कार्यालय


चितवन, चैत २० । डिभिजन वन कार्यालयले देव वृक्ष उत्पादन सुरु गरेको छ । कार्यालयले देव वृक्ष अर्थात् वर, पिपल, स्वामी, खयर, आँप, अम्बा, बेल, अमला, पलाँस, काभ्रोलगायत बिरुवा उत्पादन सुरु गरेको हो । कार्यालय प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार देव वृक्षसँगै ग्रह, नक्षेत्र र रासि बाटीकाअनुसारका वृक्ष उत्पादन सुरु गरिएको छ । यस क्रममा पहिलो वर्ष १० हजार बिरुवा उत्पादन गरेर वितरण गर्ने तयारी गरिएको छ । उनले भने,'ग्रह बाटीकाका लागि नौ प्रजाति, रासि बाटीकाका लागि १२ प्रजाति र नक्षेत्र बाटीकाका लागि २७ प्रजातिका बिरुवा उत्पादन सुरु गरेका छौं । सुरुआतको वर्ष भएकाले यस्ता बिरुवा कम उत्पादन गर्न थालिएको हो ।'


कार्यालय प्रमुख आचार्यले यस्ता बिरुवा बाटीका निर्माणका लागि प्रदान गरिने बताए । धर्म संस्कारअनुसार आवश्यक बिरुवाको बाटीका बनाउँदा धार्मिक पर्यटन बढ्ने उनको भनाइ छ । 'हामीले वन जोगाउने भनेको वातावरण, वन्यजन्तु जोगाउने मात्र नभई इतिहास, सभ्यता र संस्कृतिसँगै समृद्धिको आधार तयार गर्नु पनि हो । त्यसतर्फ ध्यान दिइरहेका छौं,'आयार्यले भने ।

कार्यालयले यसवर्ष एक लाख २० हजारभन्दा बढी बिरुवा उत्पादन गरेर वितरण गर्ने तयारी रहेको जनाएको छ । कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलले यीबाहेक गतवर्ष उत्पादन भएर वितरण गर्न बाँकी रहेका १० हजार बिरुवाका साथै अन्य २५ हजार बहुवर्षीय बिरुवा वितरण गर्ने योजना रहेको बताए । उनका अनुसार गत आर्थिक वर्षमा एक लाख ५० हजार बिरुवा वितरण गरिएको थियो । हरेक वर्ष असार १५ गतेदेखि बिरुवा वितरण गरिँदै आएको छ ।

## स्वास्थ्य परामर्श तथा उपचार

071-538893
9847352127



पायल्स, फिसर, फिस्टुलाको क्षारशूत्र विधिबाट सफल उपचार

हाम्रा सेवाहरु
- यौन चाहाना नहुने, उत्तेजना नहुने
- सिध्र स्खलन हुने
- ग्यास्ट्राइटिस, अलसर, IBS तथा पेट सम्बन्धी रोगहरु
- जोर्नि दुखाई, बाथ, युरिंक एसिड बढेको
- पथ्थरी , प्रोस्टेट सुन्निएको रोग
- चाया, पोतो, दाज तथा छाला रोग
- सुगर, प्रेसर, थाइरोइड रोगको उपचार

डा. हेमन्त बन्जाडे
आयुर्वेद चिकित्सक
फो. नं. 9867845678

दैनिक रुपमा चिकित्सकद्वारा स्वास्थ्य सम्बन्धि परामर्श र सम्पुर्ण रोगको सफल उपचार गरिन्छ ।

माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराहा, बुटवल
ॐ मिष्ठान्नको माथिल्लो तल्ला

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/२१ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. ३१८० मितिः२०८२/१२/२१ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यालय बाँकेको च.न ३३१५ मितिः २०८२/१२/१६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका खयर, सिसौ, धौटी, शिरीष र कर्मा जातका कुल जम्मा गोलिया थान ५६० को ८५५.५ क्यू.फिट काठलाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री पुर्णिमा महिला सामुदायिक वन उपभोक्ता समूह**
डुडुवा–०५, बाँके

## शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/२१ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २२४९ मितिः२०८२/१०/१२ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्लय बाँकेको च.न ३४०८ मितिः २०८२/१२/१९ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दी मा रहेका साल, असना, र पानन जातका कुल जम्मा गोलिया थान १०१ को ८६२.८५ क्यू.फिट काठ तथा साल जातको २ चट्टा, र अन्य जातको १ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको हो । ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सूचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिन भित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी–०३, बाँके